# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३।०८।२३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

------------------------------------------------------------

नापी कार्यालय,जलेश्वर महोत्तरीमा कार्यरत अमिन सन्तोष कुमार महासेठले जग्गाको अंश भरपाई तथा कित्ताकाट गर्ने प्रयोजनका लागि बिभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय वर्दिवासबाट खटि गएको टोलीले निज सन्तोष कुमार महासेठलाई रु.१,००,०००।- (एक लाख) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज सन्तोष कुमार महासेठले भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा निज राष्ट्रसेवक अमिन सन्तोष कुमार महासेठलाई रु. १,००,०००।- (एक लाख) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोपपत्र दायर गरिएको छ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता